## ५७ औं कार्यपालिका बैठक

आज मिति २०७६ साल माघ १३ गते सोमबारका दिन यस गाउंपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

बल बहादुर अधिकारी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| १८ | श्री विनोद थापा | कार्यालय सहायक | |
| १९. | श्री विमल रानामगर | कार्यालय सहयोगी | |
| २० | श्री धुब बानियाँ | कार्यालय सहयोगी | |

**छलफलका विषयहरु**

१. रोजगार संयोजकको पदपूर्ति गर्न संयोजक तोक्ने सम्बन्धमा ।

२. प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा ।

३. प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा लागत सहभागिता सम्बन्धमा ।

४. गाउँपालिकाको केन्द्र जोड्ने सडक छनौट सम्बन्धमा ।

५. निर्देशिका, मापदण्ड तथा कार्यविधि स्वीकृत सम्बन्धमा ।

६. सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधी थप गर्ने सम्बन्धमा ।

७. आन्तरिक आय तर्फ ढुंगा, गिट्टी, बालुवाको ठेक्का सम्बन्धमा ।

८. विविध ।

**निर्णय नं. १**

***रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६*** को परिच्छेद-३, दफा ६ बमोजिम रोजगार संयोजकको पदपूर्ति गर्न प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिकाले तोकेको निजामती सेवाको बाहालवाला वा सेवा निवृत्त राजपत्रांकित द्वितीय वा सोभन्दा माथिल्लो श्रेणीको कर्मचारी संयोजक र कार्यपालिकाले तोकेको सम्बन्धित विषयको विषय विज्ञ सदस्य तोक्ने भन्ने व्यवस्था अनुरुप देहाय बमोजिमको पदाधिकारीहरु तोक्ने निर्णय गरियो ।

(क) संयोजक डा. भुवन पौडेल, बरिष्ठ जनस्वास्थ्य अधिकृत, स्वास्थ्य कार्यालय, धादिङ

(ख) सदस्य (विषय विज्ञ) श्री हेमन्त ढकाल, सूचना प्रविधि अधिकृत, गंगाजमुना गाउँपालिका

**निर्णय नं. २**

यस गंगाजमुना गाउँपालिका, वडा नं. ५ फुलखर्क स्थित कित्ता नं. २ क २२ क्षेत्रफल ७-४-२-० मा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय इकाई ललितपुरको मिति २०७६/०९/२४ गते प्रकाशित सूचना अनुसार स्वीकृत ***स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६*** को अधीनमा रही गाउँपालिकाले प्रशासकीय भवन निर्माण गर्न मन्जुर रहेको निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गाउँपालिकाको वडा नं. ५ फुलखर्क स्थित कित्ता नं. २ क २२ क्षेत्रफल ७-४-२-० मा निर्माण गर्ने प्रशासकीय भवनको लागि ***स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६*** को परिच्छेद २ दफा ३ को उपदफा (५) बमोजिम गाउँपालिकाले लागत सहभागिता गर्ने प्रतिवद्धता गरियो ।

**निर्णय नं. ४**

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ललितपुरको मिति २०७६/०९/२१ मा प्रकाशित सूचना अनुसार स्थानीय तहको केन्द्रसम्म गुणस्तरीय तथा सुरक्षित सडक सञ्जालको विस्तार गरी स्थानीय तहबाट प्रवाह हुने सेवासम्म जनताको सहज पहुँच पु-याउने, रोजगारी सिर्जना गर्ने, साथै आर्थिक, सामाजिक रुपान्तरणमा सहयोग पु-याउने लक्ष्यका साथ स्थानीय पूर्वाधार विभाग अन्तर्गत चा.लु. आ.व. ०७६/०७७ देखि प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम लागु भै उक्त कार्यक्रम संचालनको लागि ***प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्यविधि, २०७६*** को दफा ३ बमोजिम स्थानीय तहले आफ्नो केन्द्र जोडने एउटा सडक छनौट गरी पठाउनु पर्ने व्यवस्था अनुरुप यस गाउँपालिको केन्द्र जोडने देहायको सडक छनौट गरी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल:

गरगरे - सुकभन्ज्याङ - फुलखर्क सडक

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ५**

गाउँपालिकाबाट सम्पादन गरिने कार्यलाई व्यवस्थित र कानून सम्मत एवं पारदर्शी बनाउनका निमित्त विधान समितिबाट सिफारिस भै कार्यपालिकामा पेश हुन आएका देहाय बमोजिमका निर्देशिका, मापदण्ड तथा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

(१) गंगाजमुना गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७६

(२) गुनासो व्यवस्थापन कार्यविधि, २०७६

(३) बहुसरोकारवाला संघ, संस्था परिचालन तथा समन्वय कार्यविधि, २०७६

(४) गंगाजमुना गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यविधि, २०७६

(५) टोल विकास समिति सञ्चालन कार्यविधि, २०७६

(६) विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७६

**निर्णय नं. ६**

गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउनका निमित्त गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्था, वडा कार्यालय, तथा शाखाहरुमा सेवा करारमा कार्यरत देहायका कर्मचारीहरुको करार अवधी २०७६ साल पौष मसान्तबाट सकिएकोले निजहरुको सेवा करार अवधी २०७७ साल आषाढ मसान्तसम्म ६ महिनाका लागि थप गर्ने निर्णय गरियो । तर हाल सेवा करार अवधी थप गरिएका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक नपाइएमा वा निजहरुको स्थानमा स्थायी पदपूर्ती भै निजको आवश्यकता नरहेमा त्यस्ता कर्मचारीहरुसँगको सेवा करार जुनसुकै समयमा भंग गर्न सकिनेछ ।

**तपसिल:**

| सि.नं. | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री हेमन्त ढकाल | सूचना प्रविधि अधिकृत | |
| २ | श्री संजय सिम्खडा | इन्जिनियर | |
| ३ | श्री रविन्द्र सुयल | ना.प्रा.सा. | |
| ४ | श्री पारस अधिकारी | ना.प.से.प्रा | |
| ५ | श्री विशाल घले | ना.प.से.प्रा | |
| ६ | श्री मनिसा लामा | ना.प.से.प्रा | |
| ७ | श्री होम बहादुर अधिकारी | ना.प.से.प्रा | |
| ८ | श्री विनोद थापा | कार्यालय सहायक | |
| ९ | श्री कुमार बहादुर अधिकारी | कार्यालय सहायक | |
| १० | श्री तेजकुमार सिम्खडा | कार्यालय सहायक | |
| ११ | श्री नारायण बहादुर कार्की | कार्यालय सहायक | |
| १२ | श्री भिमसेन अधिकारी | हलुका सवारी चालक | |
| १३ | श्री विमल राना मगर | कार्यालय सहयोगी | |

| | | | |
|---|---|---|---|
| १४ | श्री निरज थापा मगर | कार्यालय सहयोगी | |
| १५ | श्री अम्बु अधिकारी थापा | कार्यालय सहयोगी | |
| १६ | श्री इमान तामाङ | कार्यालय सहयोगी | |
| १७ | श्री आमोश तामाङ | कार्यालय सहयोगी | |
| १८ | श्री बुद्धि बहादुर वि.क. | कार्यालय सहयोगी | |
| १९ | श्री प्रेरणा घले | कार्यालय सहयोगी | |
| २० | श्री नारायण प्रसाद ढकाल | कार्यालय सहयोगी | |
| २१ | श्री सिता कुमारी अधिकारी क्षेत्री | कार्यालय सहयोगी | |
| २२ | श्री संचिता घले | ल्याब असिस्टेन्ट | |
| २३ | श्री सन्दिप श्रेष्ठ | ल्याब असिस्टेन्ट | |
| २४ | श्री चन्द्रिका तामाङ | ल्याब असिस्टेन्ट | |
| २५ | श्री सोविता बानियाँ | ल्याब असिस्टेन्ट | |
| २६ | श्री सागर घले | ल्याब असिस्टेन्ट | |
| २७ | श्री आशा तामाङ | अहेब | |
| २८ | श्री स्मृती तामाङ | अहेब | |
| २९ | श्री पार्वती भण्डारी | अहेब | |
| ३० | श्री रमेश तामाङ | अहेब | |
| ३१ | श्री रश्मी तामाङ | अहेब | |
| ३२ | श्री अनिता घले | अनमी | |
| ३३ | श्री अनिता मानन्धर | अनमी | |
| ३४ | श्री शर्मिला अधिकारी | अनमी | |
| ३५ | श्री सावित्रा थापा | अनमी | |
| ३६ | श्री सरिता जिरेल | अनमी | |
| ३७ | श्री अम्बिका ढकाल | अनमी | |
| ३८ | श्री सुमित्रा जिरेल | अनमी | |
| ३९ | श्री अनुला घले | अनमी | |
| ४० | श्री मनोज कुमार वि.क. | कार्यालय सहयोगी | |
| ४१ | श्री यममाया तामाङ | कार्यालय सहयोगी | |
| ४२ | श्री सिता माया घले | कार्यालय सहयोगी | |
| ४३ | श्री सपना कुमारी सिंह | असिस्टेन्ट सव इन्जिनियर | |
| ४४ | श्री अन्जन कार्की | असिस्टेन्ट सव इन्जिनियर | |
| ४५ | श्री सुनिल विश्वकर्मा | असिस्टेन्ट सव इन्जिनियर | |
| ४६ | श्री संगिता गुरुङ | असिस्टेन्ट सव इन्जिनियर | |
| ४७ | श्री तुलसी पोखेल | कार्यालय सहायक | |
| ४८ | श्री इमानुयल लामा | कार्यालय सहायक | |

ल बहादुर अधिकारी
अध्यक्ष

विविध:

(क) यस गाउँपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाको एक घर, एक धारा नीति अनुरुप गाउँपालिकाका ७ वटै वडाहरु समेटी खानेपानीको अत्याधिक समस्या रहेका वडाहरुमा स्वच्छ र सफा खानेपानी व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी गर्न भनी पेश हुन आएको लागत अनुमान सार्वजनिक खरिद ऐन, २०६४ को दफा ७२ (१) मा व्यवस्था गरिएको भन्दा बढी हुन आएको हुँदा साविकमा तयार गरिएको लागत अनुमान रु १९,९९,६४८/-(VATसमेत) र कार्यपालिकाको मिति २०७६/०९/०६ को ५६ औं बैठकको निर्णयबाट थप गरिएका खानेपानीका योजनाहरुको लागत अनुमान रु १९,९९,६४८/-(VATसमेत)संशोधन गर्ने निर्णय गरियो ।

(ख) यस गंगाजमुना गाउँपालिकाको वडा नं. ४ स्थित आँखुखोलामा ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेलको आ.व. ०७६/०७७ को लागि आन्तरिक आय तर्फको ठेक्का बन्दोबस्त गर्नका लागि गाउँपालिकाले तेश्रो पटक मिति २०७६ मंसिर १८ गते तेश्रो पटक सूचना प्रकाशन गरी रु ३५ लाखको ठेक्का आव्हान (ठेक्का नं. राजश्व १/०७६/०७७) गरेकोमा रीतपूर्वक पर्न आएको बोलपत्र मध्ये श्री डवजोड कन्स्ट्रक्सन प्रा.लि., निलकण्ठ न.पा. वडा नं. ३, धादिङले बढी मूल्य कबोल गरेको हुदा उक्त फर्मलाई मिति २०७६/०८/२६ मा आन्तरिक आय ठेक्काको सम्झौता गर्न आउने सूचना दिएको तर उक्त फर्मले ठेक्का सम्झौताको सूचनालाई बेवास्ता गरी आजको मितिसम्म पनि सम्झौता नगरेकोले आज मिति २०७६ साल माघ १३ गतेका दिन उक्त फर्मका प्रतिनिधि (प्रकाश घले र सूर्य बहादुर गुरुङ) साग छलफल गर्दा निजहरु (७ दिन भित्र) २०७६ साल माघ २० गते सोमबार सम्ममा Performance Bondसहित गाउँपालिकामा आन्तरिक आय ठेक्काको सम्झौता गर्ने तर उक्त समयसीमा गुजारी सम्झौता नगरेको खण्डमा आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।

बल बहादुर अधिकारी
अध्यक्ष

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धादिङ